**मिति २०८३।०३।०३ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८२/०८३ को १६ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** आ.व. २०८३/०८४ को लागि गैंडाकोट नगरपालिकाको विषयगत समितिहरुबाट पेश भएको नीति, कार्यक्रम तथा बजेटलाई संशोधन सहित स्वीकृतीका लागि १९ औं नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २** गैंडाकोट नगरपालिका नगर कार्यपालिका कार्यालयलाई विपक्षी बनाई यसै नगरपालिकामा कार्यरत कर्मचारी बिजुला गिरीले श्री प्रशासकीय अदालत काठमाण्डौंमा दायर गरेको " स्तर बृद्धि गरी पाउँ (पू.ब.न -०८२-AC-१४२) मुद्दामा प्रतिवाद/ प्रतिनिधित्व वहस पैरबी लगायतको सम्पूर्ण कार्य गर्नको लागि न्यायिक सहजकर्ता अधिवक्ता श्री खिलनाथ घिमिरेलाई अख्तियार नामा दिने निर्णय गरियो।

**निर्णय नं. ३** गैंडाकोट नगरपालिका नगर कार्यपालिका कार्यालयको तर्फबाट कानूनी प्रतिनिधित्व, मुद्दा दायर, प्रतिबाद गर्नको लागि जिल्ला, उच्च र सर्वोच्च अदालत लगायतका न्यायिक निकायहरुमा जानको लागि न्यायिक सहजकर्ता अधिवक्ता श्री खिलनाथ घिमिरेलाई अख्तियार नामा दिने निर्णय गरियो।

**निर्णय नं. ४** भूमि सम्बन्धी नियमहरु (२१ औं संसोधन), २०८३ अनुसार गठित भूमि सम्बन्धि समस्या समाधान समिति अन्तर्गत हुने कार्यका लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि,२०८३ को दफा ४ को उपदफा(१) बमोजिम गठन हुने नगरस्तरीय सहजीकरण समितिका लागि यस नगरपालिकाका प्रमुख श्री मदनभक्त अधिकारीज्यूको संयोजकत्वमा उपप्रमुख श्री शान्ति कोइराला उपसंयोजक, राष्ट्रिय मान्यता प्राप्त ६ दलका तर्फबाट साविककै समिति खटाएका एक/एक जना प्रतिनिधि, कार्यपालिका सदस्य मध्येबाट श्री सरिता देवी दर्जी (एक दलित वा अल्पसङ्ख्यक) , ईश्वरी जि.सी.(एक महिला) र प्रमुख प्रशासकीय अधिकृत श्री रामचन्द्र लामगादे सदस्य सचिव रहने ११ सदस्यीय समिति गठन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** यस नगरपालिका कार्यालयको आर्थिक बर्ष २०८१।०८२ को श्रेस्ताहरु महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण गर्दा देखिएका बेरुजु मध्ये निम्न बमोजिम २०८१/०८२को रु. २,४७,३३,९८२/- र २०८०/०८१ को रु. २,१३,६६,८०२ गरि जम्मा ४,६१,००,७८४/- नियमसंगत नभएको भनी बेरुजु कायम भएको सन्दर्भमा यस कार्यालयले स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरेका कार्यक्रममा मात्र खर्च गरेको, खर्च गर्दा विधिसम्मत र प्रचलित ऐन कानून अनुसार नै खर्च गरेको, यसरी खर्च गर्दा कार्यक्रमले निर्दिष्ट गरेका उध्येश्यहरु पुरा गर्न सहयोग पुगेको र यसबाट सरकारी हानी नोक्सानी पनि केहि नभएको एवं थप व्ययभार पनि नपरेको र अबदेखि रकम खर्च गर्दा अनियमित हुने किसिमबाट खर्च नगर्ने प्रतिवद्दता जाहेर गर्दै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ बमोजिम गठित लेखा समितिमा छलफल गरी नगर कार्यपालिका मार्फत नियमित गर्नको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिकामा विभिन्न वडा कार्यालय, संघ-संस्था एवं व्यक्तिहरुले नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र कार्यालयलाई सम्बोधन गरी आ.व. २०८३/०८४ को लागि बजेट माग सहितको योजना तथा कार्यक्रम समेत पेश भएका जम्मा १३० वटा योजना तथा कार्यक्रमहरुका विषयमा बैठकमा छलफल गरियो।

**निर्णय नं.७** गैंडाकोट नगरपालिकाको वडा नं. ३ का कालिगण्डकी करिडोरले छुने जग्गाहरुको लिखत रजिष्ट्रेशन गर्ने प्रयोजनका लागि देहाय अनुसारको थैली अंक कायम गर्ने र अन्य वडाहरुको हकमा चालू आ.व.२०८२/०८३ को नै यथावत राखिदिन भूमि प्रशासन कार्यालय, कावासोती, नवलपरासी(ब.सु.पू.) लाई लेखि पठाउने निर्णय गरियो।

तपसिलः

| क्र.सं. | जग्गाको विवरण | थैली अंक प्रति रोपनी | अक्षरमा |
|---|---|---|---|
| १. | वडा नं. ३ ग का कालिगण्डकी करिडोरले छुने जग्गाहरु | रु. ८,८०,०००/- | आठ लाख असी हजार |
| २. | साविक बेल्डिहा २ घ हाल वडा नं. ३ कालिगण्डकी करिडोरले छुने जग्गाहरु | रु. ७,००,०००/- | सात लाख |
| ३. | साविक कोटथर १ हाल वडा नं. ३ कालिगण्डकी करिडोरले छुने जग्गाहरु | रु. ५,००,०००/- | पाँच लाख |

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं. ८** गैंडाकोट नगरपालिकाको वडा नं. १५ स्थित झाही कटान रोक्न तटबन्धन गर्न भनि प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत बोल्डर स्ट्याकिङ्क कार्यको लागि आव्हान गरिएको ठेक्का Construction of Rivertraining work of Jharahi River located in ward 15, Gaindakot Municipality, IFB No 14/GM/NCB/2082-93 को निर्माणको क्रममा लागतमा त्रुटी हुन गएको भन्ने व्यहोरा अनुरुप परामर्शदाताबाट संसोधित लागत बमोजिम थप लम्बाई निर्माण हुने र समग्रमा प्रोजेक्ट लागत घट्ने प्रतिवेदन प्राप्त भएकाले निर्माण व्यवसायीले माग भए बमोजिमको भेरिएसन स्वीकृत गरी ठेक्का सम्पन्न गर्ने निर्णय गरियो।

**निर्णय नं. ९** गैंडाकोट नगरपालिकाको आ.व २०८२/८३ को लागि तपशिल बमोजिमका अधुरा तथा नयाँ योजनाहरु कार्यान्वयनका लागि बजेट व्यवस्थापन गरी अनुमोदन गर्ने निर्णय गरियो।

१. मिलिजुली मार्ग स्तरोन्नती वडा नं.५ बजेट रकम रु. ७ लाख
२. वडा नं. १६ वडा कार्यायको परिसरमा ग्रावल फिलिङ्ग कार्य बजेट रकम रु. ४ लाख
३. वडा नं. १३ वडा परिसर व्यवस्थापन बजेट रु. १० लाख
४. कुसुमघाट टोल बोरिङ्ग निर्माण वडा नं. ५ बजेट रु. ५ लाख ५० हजार
५. अपरोच रोडको लागि ग्याबिन कार्य वडा नं. ८ बजेट रकम रु. १० लाख
६. सहिद कुञ्ज मार्ग साइट वडा नं. १ बजेट रु. ५ लाख ७० हजार

**निर्णय नं. १०** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| १० | कृषि तथा पशुपालन क्र.सं.५०२ | रु.३,००,०००/- | मुकुन्दपुर बौद्ध विहारमा कम्पाउण्ड गर्नको लागि तार जाली खरिद | रु.३,४८,०००/- |
| | विकास पाण्डेको अधुरो बाटो मोज्याक टायल क्र.सं.५०८ | रु.१,०८,०००/- | | |
| १० | वडाका विभिन्न ठाँउमा वाल निर्माण | रु.८,००,०००/- | वडाका विभिन्न ठाँउमा ह्युम पाईप राख्ने | रु.१,००,०००/- |
| कार्यालय | पारिश्रमिक कर्मचारी | रु.२२,५०,०००/- | नदीजन्य पदार्थ अनुगमन तथा व्यवस्थापन खर्च | रु.१२,५०,०००/- |
| | | | दैनिक भ्रमण खर्च | रु.१०,००,०००/- |

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner